कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK

समाचार र विचारको स्वतन्त्र संवाहक

# कालपृष्ठ

वर्षः २९, अंकः७३
शुक्रबार, २३ असोज २०८३
(Friday, 9 Oct. 2026)
पृष्ठः ४, मूल्यः १० ।-

kalpristhanews.com

राष्ट्रिय दैनिक

'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास–निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा
हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

## प्रधानमन्त्री शाहको चासोपछि वायुसेवा कम्पनी भाडादर घटाउन तयार



**कालपृष्ठ समाचारदाता**

*काठमाडौं, २२ असोज*

प्रधानमन्त्री वालेन्द्र शाहको निर्देशन र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल (गनेश) को सक्रियतापछि आन्तरिक वायुसेवा कम्पनीहरू स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्री वितरण गर्न सहमत भएका छन् ।

नजिकिँदो चाडपर्वको मौका छोपेर हवाई भाडादर बढाएको भन्ने गुनासो आएपछि प्रधानमन्त्री शाहले यसबारे चासो देखाउनुभएको थियो । त्यसपछि नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले बिहीवार सम्बन्धित आन्तरिक वायुसेवा कम्पनीका पदाधिकारी तथा प्रतिनिधिसँग छलफल गरेको हो । उक्त छलफलपछि स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्री वितरण गर्ने र गराउने विषयमा वायुसेवा कम्पनीहरू सहमत भएको क्यानले जनाएको छ ।

क्यानका महानिर्देशक मुकेश डङ्गोलका अनुसार स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्रीवितरण गर्ने र सो भाडादरबारे सूचना सम्बन्धित कम्पनीको बिक्री वितरण प्लेटफर्ममा प्रकाशन गर्ने सहमति भएको छ ।

# लुम्बिनीमा स्क्रब टाइफस र डेंगुको संक्रमण बढ्दो

**कालपृष्ठ समाचारदाता**

*लुम्बिनी, २२ असोज*

लुम्बिनी प्रदेशमा स्क्रब टाइफस र डेंगुको संक्रमण देखिने क्रम बढेको छ । स्वास्थ्य निर्देशनालय लुम्बिनीका अनुसार पछिल्लो ९ महिनामा प्रदेशका १२ जिल्लामा स्क्रब टाइफसको शंकामा २ हजार ७८० जनाको परीक्षण गरिएकोमा २३१ जनामा संक्रमण पुष्टि भएको छ ।

स्क्रब टाइफसका शंकास्पद बिरामी सबैभन्दा धेरै दाङमा भेटिएका छन् । दाङमा ६२४ जनामा लक्षण देखिएकोमा ६५ जनामा संक्रमण पुष्टि भएको छ । पाल्पामा ३९६ मध्ये २२ जना र बर्दियामा ३२४ मध्ये पाँच जनामा संक्रमण पुष्टि भएको निर्देशनालयले जनाएको छ ।

त्यस्तै, रोल्पामा २९३, गुल्मीमा २६१, अर्घाखाँचीमा २४९ र रूपन्देहीमा २१६ जनामा स्क्रब टाइफसको शंका गरिएको छ। रूपन्देहीमा १४ जनामा संक्रमण पुष्टि भएको छ ।

कपिलवस्तुमा ४८ जनामध्ये तीन, नवलपरासी पश्चिममा ६९






मध्ये चार, प्युठानमा ४७ मध्ये तीन र रुकुम पूर्वमा ७५ मध्ये दुई जनामा संक्रमण पुष्टि भएको निर्देशनालयले जनाएको छ। बाँकेमा १७८ जनामा लक्षण देखिएकोमा पाँच जनामा संक्रमण पुष्टि भएको निर्देशनालयले जनाएको छ ।

यसैगरी, प्रदेशमा डेंगुको संक्रमण पनि देखिएको छ । पछिल्लो नौ महिनामा ८४६ जनामा डेंगुको शंका गरिएकोमा ८२७ जनामा संक्रमण पुष्टि भएको छ ।

डेंगु संक्रमण सबैभन्दा धेरै पाल्पामा देखिएको छ । पाल्पामा २५१ जनामा संक्रमण पुष्टि भएको छ । दाङमा १७८ जनामध्ये १६३, अर्घाखाँचीमा ४८ मध्ये ४५ र अन्य जिल्लामा पनि संक्रमण पुष्टि भएको निर्देशनालयले जनाएको छ ।

रूपन्देहीमा १२८, गुल्मीमा ६५, नवलपरासी पश्चिममा ६३, बर्दियामा ३१, बाँकेमा २६, कपिलवस्तुमा २५, प्युठानमा १६, रोल्पामा नौ र रुकुम पूर्वमा पाँच जनामा डेंगु संक्रमण पुष्टि भएको जनस्वास्थ्य अधिकृत ताराबहादुर कार्कीले रातोपाटीलाई बताए ।

कार्कीका अनुसार विगतको तुलनामा अहिले दुवै रोगको संक्रमण देखिने क्रम बढेको छ । संक्रमणको जोखिम रहेका क्षेत्रमा परीक्षण तथा नियन्त्रणका उपायलाई प्राथमिकता दिइएको उनले बताए ।

चिकित्सकका अनुसार स्क्रब टाइफस र डेंगु दुवै समयमै पहिचान र उपचार गर्नुपर्ने रोग हुन् । स्क्रब टाइफस संक्रमित किर्नाको टोकाइबाट सर्छ भने डेंगु एडिस जातको लामखुट्टेको टोकाइबाट फैलिन्छ ।

कार्कीले स्क्रब टाइफसको जोखिमबाट बच्न झाडी तथा घाँस सफा राख्न र खेतबारी तथा झाडीमा काम गर्दा सावधानी अपनाउन सुझाव दिए । स्थानीय तहहरूले पनि आ-आफ्नो क्षेत्रमा रोग नियन्त्रणका लागि विभिन्न गतिविधि सञ्चालन गरिरहेको उनले बताए ।

स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवलका निर्देशक डा. राजेन्द्र गिरीले संक्रमण बढी देखिएका स्थानमा जिल्ला स्वास्थ्य कार्यालयमार्फत स्क्रब टाइफस र डेंगु परीक्षणका किट पठाइएको बताए ।

# दलित बालिकाका माग सम्बोधन गर्ने मुख्यमन्त्री आचार्यको प्रतिबद्धता

**कालपृष्ठ समाचारदाता**

*लुम्बिनी, २२ असोज*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले दलित बालिकाले उठाएका शिक्षा, स्वास्थ्य, सुरक्षा, समानता र नेतृत्व विकासका सवाल सम्बोधन गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

दलित महिला सङ्घ दाङको सहजीकरणमा दलित बालिकाले तयार पारेको १० बुँदे मागपत्र बुझ्दै मुख्यमन्त्री आचार्यले समाजमा विद्यमान विभेद र विकृति अन्त्यका लागि युवाको सक्रिय सहभागिता आवश्यक रहेको बताए ।

उनले बालविवाह न्यूनीकरणका लागि किशोरकिशोरीलाई नै अभियानमा जोड्नुपर्ने बताए । बालविवाहले शिक्षा, स्वास्थ्य र भविष्यमा पार्ने असरबारे उनीहरूले परिवार, साथीभाइ र समुदायमा सचेतना फैलाउनुपर्ने उनको भनाइ छ ।

मुख्यमन्त्री आचार्यले जातीय विभेद र छुवाछुतलाई गम्भीर सामाजिक अपराधका रूपमा व्याख्या गर्दै पीडितले निर्धक्क भएर उजुरी गर्नुपर्ने बताए । विभेद अन्त्यका लागि कानुनको प्रभावकारी कार्यान्वयनसँगै नागरिकस्तरमा चेतना आवश्यक



रहेको उनको भनाइ छ । दलित समुदायको अधिकार सुनिश्चित गर्न प्रदेश सरकारले भूमि सम्बन्धी कानुन निर्माणको तयारी गरिरहेको उनले जानकारी दिए ।

दलित बालिकाले बुझाएको मागपत्रमा जातीय विभेद तथा छुवाछुत अन्त्य, शिक्षा, स्वास्थ्य र सुरक्षाको सुनिश्चितता, नेतृत्व विकास, विपन्न परिवारलाई आयआर्जनसँग जोड्ने कार्यक्रम तथा दलित बालिकाका समस्याको तथ्याङ्क सङ्कलन गरी सोही आधारमा बजेट र कार्यक्रम निर्माण गर्न माग गरिएको छ । त्यस्तै, प्रदेशस्तरीय बालिका मञ्च गठन गरी दलित बालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न, प्राथमिक तहदेखि उच्च शिक्षासम्म निःशुल्क तथा समावेशी शिक्षा उपलब्ध गराउन तथा जन्मदर्ता र पहिचानबाट वञ्चित बालबालिकाको समस्या समाधान गर्न माग गरिएको छ ।

विद्यालय र समुदायमा हुने जातीय विभेद, उपेक्षा तथा हिंसाविरुद्ध सहज उजुरी र न्यायमा पहुँचको व्यवस्था गर्न तथा प्रदेशका नीति, योजना र बजेट निर्माणमा दलित बालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न पनि उनीहरूले माग गरेका छन् ।

**आवश्यकता सम्बन्धी सूचना !**

**सूचना प्रकाशित मिति : २०८३/०६/१२**

यस शिखर ग्रुप अफ इण्डस्ट्रिज अन्तर्गत गणपति डोर एण्ड प्लाईबोर्ड ईण्डस्ट्रिज प्रा.लि., कोहलपुर -१४ पार्वतीपुरको लागी तपशिल बमोजिमका कर्मचारीहरुको आवश्यकता भएकोले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्नानुसारको योग्यता पुगेका ईच्छुक व्यक्तिहरुले तलको ठेगानामा आवेदन पेश गर्न हुन जानकारी गराईन्छ ।

| क्र.सं. | पद | संख्या | योग्यता | अनुभव | उमेर |
|---|---|---|---|---|---|
| ०१ | सुपरभाईजर | २ जना | प्लस टु वा सो सरह उत्तीर्ण भएको । | सुपरभाईजर सम्बन्धी कार्य अनुभव भएको, | २५ वर्ष पुरा भई ३५ वर्ष ननाघेको |

**आवश्यक पर्ने कागजातहरु**

- व्यक्तिगत विवरण (CV)
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
- शैक्षिक प्रमाण पत्रको प्रतिलिपी ।
- अनुभवको प्रमाणपत्रको प्रतिलिपी ।

**आवेदन बुझाउने ठेगाना**

**मोर्डन डोर्स एण्ड उड प्रोडक्टस प्रा.लि.**
औद्योगीक क्षेत्र, नेपालगंज बाँके

तलब : अनुभव तथा कार्य क्षमताको आभारमा आकर्षक हुने छ ।

**थप जानकारीको लागि सम्पर्क नम्बर**
९८०१५४७०११ , ९८०१५४७०१७




मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
Laxmi Media Printers
लक्ष्मी मिडिया प्रिन्टर्स
बि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

# स्थानीय तहको संसदीय अभ्यास




सिद्धान्ततः स्थानीय लोकतन्त्र एउटा यस्तो शासकीय स्वरूप हो, जसमा नागरिक र निर्वाचित प्रतिनिधिबिच समावेशी तथा तर्कपूर्ण संवादमार्फत निर्णय गरिन्छ। यस अर्थमा राष्ट्रिय राजनीति तथा नेतृत्व विकासका लागि स्थानीय शासनव्यवस्था आधार हो। नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई स्वायत्तता र जिम्मेवारी दुवै प्रदान गरेको छ। स्थानीय लोकतन्त्रलाई जीवन्त बनाउने स्थानीय सरकार अन्तर्गतको संसदीय स्वरूपमा कार्यपालिका र व्यवस्थापिका (विधायिका) को अभ्यासलाई लिन सकिन्छ। स्थानीय कार्यपालिकाले सभाले पारित गरेका कानुन र निर्देशन अनुसार दैनिक कार्यसम्पादन गर्दछ। स्वायत्त स्थानीय सरकारसम्बन्धी संवैधानिक प्रतिबद्धताको परिधिभित्र रही छलफल र विचारविमर्शमूलक प्रक्रिया व्यावहारिक रूपमा कसरी सञ्चालन हुन्छन् भन्ने कुरा नै स्थानीय लोकतन्त्रको मुख्य केन्द्रविन्दु हो।

स्थानीय सरकारको छाता कानुनका रूपमा रहेको 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' ले लोकतान्त्रिक स्थानीय शासन र प्रभावकारी सेवा प्रवाहका लागि कानुनी आधार खडा गर्दै निर्णय गर्दा सर्वसम्मति वा बहुमतका आधारमा विमर्शमूलक निर्णय प्रक्रिया अपनाउन अनिवार्य गरेको छ। यी प्रावधानले सङ्घीयता र समावेशी निर्णय प्रक्रियाप्रतिको बृहत् संवैधानिक प्रतिबद्धतासँग तादात्म्य राख्दै स्थानीय तहमा विमर्शमूलक लोकतन्त्र र जवाफदेहितामा ऐनले दिएको जोडलाई प्रतिविम्बित गर्दछन्।

नेपालमा राज्य पुनर्संरचनासँगै अधिकार र स्वायत्ततासहितको स्थानीय सरकारको दोस्रो कार्यकाल सम्पन्न हुँदै छ। यस अवधिमा हाम्रा स्थानीय सरकारमा नीति, योजना, कानुन, कार्यविधि, कर र बजेट बनाउँदा विषयगत समिति, सभा तथा कार्यपालिकामा के कति छलफल, विचारविमर्श, सहमति, असहमति र अल्पमतलाई सम्मान गर्ने संस्कृतिको पालना भयो होला ? यो स्थानीय सरकारको विषयमा सरोकार राख्नेका लागि चासोको विषय हुन सक्छ। पङ्क्तिकारको अनुभव, अवलोकन तथा केही तथ्यका आधारमा स्थानीय सरकारमा संसदीय अभ्यास प्रस्तुत गर्ने प्रयास यहाँ गरिएको छ।

**नीतिगत व्यवस्था**

नेपालको संविधान (२०७२) ले स्थानीय शासनका लागि एक व्यापक रूपरेखा प्रदान गर्दै विकेन्द्रीकरण, स्वायत्तता र विचारविमर्शात्मक लोकतान्त्रिक अभ्यासमा जोड दिन्छ। यसले कानुनी आधार स्थापित गर्दै स्थानीय तहलाई उनीहरूका क्षेत्राधिकारभित्र कार्यकारी, विधायिकी र वित्तीय अधिकार प्रदान गरेको छ। बजेट निर्माणदेखि स्थानीय सभा र कार्यकारिणीमा संविधानप्रदत्त अधिकारको उद्देश्य अनुरूप सहभागितामूलक शासनप्रणालीको प्रवर्धनबाट जवाफदेहिता अभिवृद्धिको अवस्था कस्तो छ भन्ने हेर्ने प्रयास गरिएको छ। 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' ले समावेशी शासन, सहभागितामूलक निर्णय प्रक्रिया र जवाफदेहिताका संयन्त्रलाई संस्थागत गर्दै तल्लो तहमा छलफल र विमर्शमा आधारित लोकतन्त्रको संवैधानिक परिकल्पना गरेको छ। यद्यपि यसको रूपान्तरणकारी क्षमता स्थानीय तहमा संस्थागत सुदृढीकरण, नागरिक सचेतना र राजनीतिक प्रतिबद्धतामा निर्भर रहन्छ। त्यसै गरी प्रदेश सरकारहरूले नेपालको संविधानबमोजिम ऐनकानुन बनाई गाउँ सभा र नगर सभाको कार्यसञ्चालन, बैठकको कार्यविधि तथा सभामा रहने समितिको गठन र सञ्चालन जस्ता विषयलाई थप लोकतान्त्रिक बनाउने प्रयास गरेका छन्। प्रश्न यो छ कि प्रदेशले बनाएका कानुनबमोजिम स्थानीय सरकारहरू एक हदसम्म संसदीय लोकतान्त्रिक अभ्यासमा छन् ? स्थानीय सरकारको योजना र बजेट निर्माणमा छलफल, विचारविमर्श र सहभागितामूलक प्रावधान रहेको छ। 'स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४' ले स्थानीय सरकारले वार्षिक योजना र कार्यक्रम बनाउँदा बस्तीस्तरबाट छलफल सुरु गरी विभिन्न विषयगत समिति हुँदै सभामा पेस गर्न सात वटा चरणको व्यवस्था गरेको छ। यसरी अवलोकन गर्दा सङ्घीय संसदीय प्रणालीको प्रतिविम्ब हुने गरी स्थानीय व्यवस्था देखिन्छ तर स्थानीय तहमा लोकतान्त्रिक संस्कार र संस्कृति व्यवहारमा लागु हुनका लागि नागरिक चेतना, संस्थागत क्षमता, विधिको पालना, कर्मचारी तथा निर्वाचित जनप्रतिनिधिको सकारात्मक सोचमा पनि भर पर्ने कुरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवले देखाउँछन्। यद्यपि ऐनमा विमर्शमा आधारित संरचनाको व्यवस्था भए तापनि राजनीतिक केन्द्रीकरण, सीमित प्रशासनिक क्षमता र कमजोर नागरिक सहभागिताका कारण तिनको कार्यान्वयन एकनासको हुन सकेको छैन।

**निर्णय प्रक्रियागत संरचना**

स्थानीय सरकारको सभामा निर्वाचित प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्ष, वडाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित चार सदस्य र कार्यपालिकाका मनोनीत सदस्य समावेश हुन्छन्। स्थानीय तहको विधायिकी अधिकार सभामा निहित हुन्छ र सभाको बैठक सामान्यतया वर्षमा दुई पटक बस्छ। त्यसै गरी कार्यपालिकामा प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्ष, वडाध्यक्ष र मनोनीत सदस्य (महिला र दलित) समावेश हुन्छन्। कार्यपालिकाले स्थानीय सरकारको नियमित कार्यकारी तथा शासनसम्बन्धी कार्यसम्पादन गर्छ र यसको बैठक सामान्यतया महिनामा एक पटक बस्छ। निर्वाचित वडा समिति पाँच सदस्यीय हुन्छ, जसमा एक वडाध्यक्ष र चार सदस्य (एक दलित महिला अनिवार्य) हुन्छन्। वडा कार्यालय स्थानीय सरकारको मुख्य सेवा केन्द्र हो। सभासँग विधायिकी अधिकार निहित हुन्छ र यसले कार्यकारी निकायको निगरानी गर्छ भने कार्यकारी निकाय शासनसम्बन्धी निर्णयको कार्यान्वयनका लागि जिम्मेवार हुन्छ। पङ्क्तिकारले चार वटा पालिकाका ३२ वटा वडा कार्यालयमा गरेको सर्वेक्षणका तथ्य अनुसार ६१ प्रतिशत सदस्यले कार्यपालिकाका बैठक नियमित हुन्छन् भनी जवाफ दिए भने ३९ प्रतिशत कार्यपालिका सदस्यले कार्यपालिकाको बैठकको नियमिततामा शङ्का व्यक्त गरे। ५५ प्रतिशतले मात्र कहिलेकाहीँ छलफलमा सहभागिता रहने बताए भने बाँकी ४५ प्रतिशतले कार्यपालिकाको बैठकमा छलफल हुने वातावरण नै नहुने र पालिका प्रमुख तथा सीमित सदस्यको मात्र दबदबा रहने प्रतिक्रिया दिए।

यद्यपि बैठकहरूमा सहभागिताको विषयमा सामान्यतया उत्साहजनक प्रवृत्ति पनि देखिएको छ, जसमा उल्लेखनीय ८५ प्रतिशत सहभागिता दर र ७८ प्रतिशत प्रक्रियाबारे जागरुकता पाइएको छ तर केवल ६४ प्रतिशत सदस्यले मात्र अग्रिम रूपमा एजेन्डा प्राप्त गरिरहेका छन् भन्ने तथ्यले पारदर्शिता र सञ्चारमा अन्तर रहेको औँल्याएको छ। पूर्वजानकारीको यो अभावले सदस्यलाई सूचित छलफलमा संलग्न हुन गाह्रो बनाउँछ र निर्णयको गुणस्तरमा समेत सम्झौता गराउन सक्छ। त्यसै गरी स्थानीय सभाको सहभागितासम्बन्धी प्रश्नमा ४९ प्रतिशतले कुनै पनि छलफल नहुने बताए भने ५१ प्रतिशतले केवल औपचारिकतामा मात्र छलफल सीमित भएको प्रतिउत्तर दिए। केवल ४८ प्रतिशत सभाका सदस्यले मात्र सभा हुनुभन्दा अगाडि एजेन्डा प्राप्त गरेको बताए भने बहुमत (५२ प्रतिशत) ले सभा सुरु हुनुभन्दा अगाडि एजेन्डा प्राप्त नहुने र एकै पटक सभाको बैठकमा दिने चलन रहेको बताए। यी तथ्यले स्थानीय सरकारको संसदीय अभ्यास, कार्यपालिका र सभा विधान तथा कानुन अनुसार लोकतान्त्रिक प्रावधानको पालना भए/नभएकोमा गम्भीर प्रश्न खडा गरेका छन्। यस्तै ५७ प्रतिशत सदस्यले कार्यपालिकाका निर्णय पालिकाको आधिकारिक पेजमा सार्वजनिक नभएको दाबी गरे भने केवल ४३ प्रतिशतले पालिकाले कहिलेकाहीँ मात्र कार्यपालिकाका निर्णय सार्वजनिक गर्ने गरेको बताए। अवलोकन गरिएका कुनै पनि पालिकाले चालु आर्थिक वर्षको सभाबाट पारित योजना तथा बजेटलाई आमनागरिकले बुझ्ने गरी अनलाइन पेजमा सार्वजनिक गरेको देखिएको छैन। निर्णयहरू अनलाइनमा सार्वजनिक गर्ने विषयमा देखिएको यो उदासीनताले संस्थाको पारदर्शितामा कमी रहेको उजागर गर्छ, जसले नागरिकको विश्वास र जवाफदेहितालाई कमजोर बनाउँछ।

कैलालीको कुनै एक नगरपालिकाका कार्यपालिका सदस्यको अनुभवलाई यहाँ प्रस्तुत गर्न सकिन्छ : "कार्यपालिका समितिको बैठक महिनाको एक पटक बस्छ तर आवश्यकता परेमा त्योभन्दा बढी पटक पनि बस्न सक्छ। बैठकमा कार्यसूचीका आधारमा प्रस्तावहरूमाथि छलफल गरिन्छ तर प्रमुख प्रशासकीय अधिकृतका अनुसार निर्णयहरूलाई माइन्युटमा लिपिबद्ध गर्न समय लाग्छ। प्रमुख प्रशासकीय अधिकृतले माइन्युट 'क्लोजिङ' गर्दा तीन जनाको हस्ताक्षर आवश्यक पर्ने र निर्णय लेख्दा कानुनी भाषा प्रयोग गर्नुपर्ने भएकाले समय लाग्ने बताउँछन्; कुनै समय त कार्यपालिका बैठकको निर्णय लेख्न १५ दिन नै लागेको थियो। यसरी बैठकपछि प्रमुख (मेयर) को प्रभावमा परेर कतिपय निर्णय थपिने गरेका छन्। कार्यपालिका सदस्यहरूले यस विषयमा प्रश्न उठाए पनि प्रमुख र प्रशासकीय अधिकृतले खासै सम्बोधन गरेको देखिँदैन।"

नमुनाका रूपमा स्थानीय सरकारको दुई वर्ष (२०८१ र २०८२) को महालेखा परीक्षकको प्रतिवेदनमा उल्लिखित उपशीर्षक अनुसार बजेट पेस, पारित र अख्तियारीको अवस्थालाई तीन वटा नगरपालिका (इलाम, वालिङ र टीकापुर) को अभ्यासबाट हेरौँ। यी तीन वटै पालिकाले लगातार दुवै वर्ष बजेट र योजना नगर सभामा एकैदिन प्रस्तुत गरी त्यसै दिन पारित गरेको देखिन्छ। यसबाट पनि अनुमान गर्न सकिन्छ कि सभामा बजेट माथिल्लो छलफल कस्तो रह्यो होला ? तर नीतिगत प्रावधान हेर्दा 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' को दफा ७१ ले सभामा वार्षिक बजेट पेस गर्दा राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृति गराई असार १० गतेभित्र सभामा छलफलका लागि पेस गर्ने व्यवस्था गरेको छ। सो ऐनमा पेस भएको बजेटमाथि कार्यतालिका बनाई १५ दिनभित्र छलफल सम्पन्न गरिसक्नुपर्ने, सभाले बजेट पारित गर्ने वा सुझावसहित कार्यपालिकामा पठाउन सक्ने तथा कार्यपालिकाले परिमार्जनसहित ल्याएको बजेट असार मसान्तभित्र पास गर्नुपर्ने व्यवस्था छ। जुन स्थानीय विधायकी अभ्यास र विचारविमर्शमुखी शासनको परिकल्पना हो। उल्लिखित तीन पालिकाको सभामा बजेट तथा योजनामाथिको छलफल गर्ने स्थानीय संसदीय अभ्यास के साँच्चिकै पालना भयो होला त ? भन्ने सन्देह देखिन्छ। कुनै पालिकामा बजेट तथा योजनामाथि हप्तौँसम्म पनि छलफल, विवाद र बहस भएका पनि छन्। यसरी स्थानीय संसदीय अभ्यासलाई स्थानीय लोकतन्त्रको मूल्यमान्यता अनुसार पालना नहुनुका पछाडि विविध पक्ष हुन सक्छन्।

नेपालको सङ्घीय शासनव्यवस्थाले स्थानीय तहलाई स्वायत्तता, विधायिकी तथा कार्यकारी अधिकार प्रदान गरी स्थानीय लोकतन्त्रलाई संस्थागत गर्ने बलियो संवैधानिक र कानुनी आधार निर्माण गरेको छ। स्थानीय सभा, कार्यपालिका तथा विषयगत समितिमार्फत छलफल, सहभागिता, सहमति/असहमति र विचारविमर्शमा आधारित निर्णय प्रक्रियाको परिकल्पना गरिएको छ तर अध्ययनबाट प्राप्त तथ्यले कानुनी तथा संस्थागत संरचना र व्यवहारमा अभ्यास भइरहेको स्थानीय लोकतन्त्रबिच केही महत्वपूर्ण अन्तर रहेको देखाउँछन्। कार्यपालिकाका बैठकमा सबै सदस्यको समान र अर्थपूर्ण सहभागिता कमजोर हुनु, बैठकका एजेन्डा समयमै उपलब्ध नहुनु, सभामा हुने छलफल औपचारिकतामा सीमित हुनु तथा कार्यपालिकाका निर्णय र बजेट योजनासम्बन्धी सूचना नियमित रूपमा सार्वजनिक नहुनुले स्थानीय संसदीय अभ्यासको प्रभावकारितामाथि प्रश्न उठाएको छ। विशेषतः बजेट तथा योजना एकैदिन प्रस्तुत गरी पारित गर्ने अभ्यासले कानुनले परिकल्पना गरेको पर्याप्त छलफल र विचारविमर्शको अभ्यास कमजोर रहेको सङ्केत गर्दछ।

अतः स्थानीय लोकतन्त्रलाई व्यवहारमा सुदृढ बनाउन जनप्रतिनिधिको क्षमता अभिवृद्धि, बैठकपूर्व सूचना प्रवाह, अर्थपूर्ण बहस, अल्पमतको सम्मान, निर्णयको पारदर्शी अभिलेखीकरण तथा नागरिकको सूचनामा सहज पहुँच सुनिश्चित गर्न आवश्यक छ। यसले मात्र स्थानीय सरकारलाई वास्तविक अर्थमा सहभागितामूलक, उत्तरदायी र विचारविमर्शमुखी लोकतान्त्रिक संस्थाका रूपमा स्थापित गर्न सहयोग पुऱ्याउने छ।

**निष्कर्ष**

नेपालको सङ्घीय व्यवस्थाले स्थानीय तहलाई स्वायत्तता र अधिकार दिएर स्थानीय लोकतन्त्रको बलियो आधार बनाएको छ। कार्यपालिका र समितिमार्फत निर्णयमा सहभागिताको परिकल्पना गरिए पनि कानुनी व्यवस्था र व्यावहारिक अभ्यासबिच ठुलो अन्तर देखिएको छ। बैठकमा जनप्रतिनिधिको कमजोर सहभागिता, एजेन्डा समयमा नआउनु, औपचारिकतामा सीमित छलफल र सूचनाको अभावले स्थानीय संसदीय अभ्यास प्रभावित भएको छ।

बजेट तथा योजना एकैदिन पेस गरी पारित गर्ने प्रवृत्तिले पर्याप्त छलफलको अभ्यासलाई कमजोर बनाएको छ। यसलाई सुधार गर्न जनप्रतिनिधिको क्षमता विकास, पारदर्शी निर्णय, पूर्वसूचना र नागरिकको सहज पहुँच अपरिहार्य छ। तब मात्र स्थानीय सरकार उत्तरदायी र विचारविमर्शमुखी बन्न सक्छ।

*–गोरखापत्र*

## स्वास्थ्य

# हरेक बिहान धनियाँ पानीको सेवन गर्दा के–के हुन्छ फाइदा ?

धनियाँ तरकारी, अचारमा स्वाद बढाउनका लागि मात्रै होइन राम्रो गन्ध मात्र होइन, औषधीय गुणले समेत भरिपूर्ण हुन्छ। आयुर्वेदमा पनि धनियाँको दाना फाइदाको बारेमा चर्चा गरिएको छ।

धनियाँको दानामा फाइबर, क्याल्सियम, तामा, म्याग्नेसियम, फलाम र भिटामिन ए, सी र के प्रशस्त मात्रामा पाइन्छ। धनियाँको दानालाई पानीमा भिजाएर यो पानी पिउनाले धेरै स्वास्थ्य लाभहरू प्राप्त हुन्छन्। बिहान खाली पेटमा धनियाँ पानी पिउनाले शरीरमा धेरै प्रभाव पार्छ।

१.पाचन सुधार गर्छ

हरेक बिहान खाली पेटमा धनियाँ पानी पिउनाले पाचन इन्जाइमहरू सक्रिय हुन्छन्। यसले पेट फुल्ने, अपच र भारी हुने जस्ता समस्याहरूबाट छुटकारा पाउन मद्दत गर्छ।

३.प्राकृतिक डिटक्स

धनियाँ पानीले राम्रो डिटक्स वाटरको रूपमा काम गर्छ। यसले शरीरबाट हानिकारक विषाक्त पदार्थहरू हटाउँछ र डिटक्सिफाइ गर्ने गुणहरू प्रदान गर्दछ।

४.तौल घटाउन मद्दत गर्ने

बिहान खाली पेटमा धनियाँ पानी पिउनाले तौल घटाउन मद्दत गर्न सक्छ। यो पानी बोसो जलाउने गुणहरूले भरिपूर्ण हुन्छ। धनिया तौल घटाउने प्रक्रियामा सहायक बन्न सक्छ तर धनियाँ पानीको सेवनले मात्रै तौल घट्ने भने होइन्

सुन्निने समस्या कम गर्छ

यसको एन्टी-इन्फ्लेमेटरी गुणहरूको कारण, धनियाँ पानी पिउनाले सुन्निने समस्या कम हुन्छ। यो एसिडिटी र पेटको अन्य समस्याहरूबाट छुटकारा पाउन पनि प्रभावकारी हुन्छ।

५.छालाका लागि फाइदा

धनियाँ पानी पिउनाले छालालाई फाइदा हुन्छ। यसको एन्टिब्याक्टेरियल र एन्टिअक्सिडेन्ट गुणले छालालाई डन्डीफोरबाट मुक्त राख्न मद्दत गर्छ।

६.कसरी बनाउने धनियाँ पानी ?

एक गिलास पानीमा एक चम्चा धनियाँको दाना रातभर भिजाउनुहोस्। भोलिपल्ट बिहान यो पानीलाई हल्का तताएर पिउनुहोस्।

*–अनलाइनखबर*

# कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति : २०८३/०६/२३)**

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको शाखा कार्यालय बौनिया, कैलालीबाट धितो तथा सामूहिक जमानीमा आधारित कर्जा कारोबार गरी वित्तीय संस्थाको नियमानुसार मासिक रूपमा साँवा ब्याज बुझाँउनु पर्नेमा बिगत लामो समय देखि कर्जाको किस्ता (साँवा ब्याज) तिर्न आलटाल गरेको, पटक पटक मौखिक तथा लिखितरूपमा तरताकेता गर्दा समेत कर्जा तिर्न तर्फ कुनै चासो नदिएको, नेपाल राष्ट्र बैंकको नियमानुसार शंकास्पद/खराव वर्गमा कर्जाको वर्गीकरण भएको तथा कर्जा लिँदाको बखतमा यस वित्तीय संस्थासँग गरेको लिखत तमसुकको शर्तबन्देजको उल्लंघन गरेको हुँदा तपसिलमा उल्लेखित तपाई ऋणी तथा धनजमानीकर्ताहरू लाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो तिर्नु बुझाँउनु पर्ने सम्पूर्ण (साँवा, ब्याज र हर्जाना ब्याज) रकम तिर्नु बुझाँउनु हुन जानकारी गराईन्छ। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ र वित्तीय संस्थाको कर्जा असुली नीति-२०८० बमोजिम थप असुली प्रकृया अवलम्बन गर्नुका साथै यसै सूचनालाई आधारमानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ बमोजिम सामूहिक जमानीमा आधारित कर्जाको हकमा जग्गा जमिन रोक्का राख्नुका साथै धितोमा आधारित कर्जाको हकमा नियमानुसार धितो लिलामी गरी असुलउपर गरिने तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ को निर्देशन नं. ११(२) बमोजिम तपाई ऋणी तथा धनजमानीकर्ताहरू लाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाईने भएकोले यसबाट ऋणी तथा धनजमानीकर्ताहरू लाई पर्न जाने असुविधा प्रति वित्तीय संस्था जवाफदेही नहुने र असुली प्रकृया अवलम्बन गर्दा लागेको सम्पूर्ण खर्च रकम समेत सम्बन्धित ऋणीबाट नै असुल उपर गरिने व्यहोरा जानकारी गर्दछौं।

**तपसिल,**

**ऋणी तथा धनजमानीकर्ताहरूको नाम, थर, ठेगाना, नागरिकता प्रमाणपत्र नं. तथा धितोमा रहेको जग्गाको विवरण**

१. ऋणीको नाम : मिरा देबी आले, पिता/पतिको नाम : चक्र व.आले, बाजे/ससुराको नाम : धन बहादुर आले, स्थायी ठेगाना : पथरैया-४, कैलाली, ना.प्र.नं. : ११९३२, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : जान्मिकी आले मगर, पिता/पतिको नाम : चक्र बहादुर आले, बाजे/ससुराको नाम : धन बहादुर आले, स्थायी ठेगाना : बर्दगोरिया-१, कैलाली, ना.प्र.नं. : ६७-०६-७८-०००८८

२. ऋणीको नाम : सरिता देबि चौधरी, पिता/पतिको नाम : रविन्द्र चौधरी, बाजे/ससुराको नाम : सैजुराम डगौरा, स्थायी ठेगाना : चुहा-२, कैलाली, ना.प्र.नं. : ६७३००३/१८४५, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : रबिन्द्र चौधरी, पिता/पतिको नाम : सैजुराम डगौरा, स्थायी ठेगाना : चुहा-२, कैलाली, ना.प्र.नं. : २४७४५

३. ऋणीको नाम : मिथिला कुमारी चौधरी, पिता/पतिको नाम : मनिष चौधरी, बाजे/ससुराको नाम : सोनुराम चौधरी, स्थायी ठेगाना : प्रतापुर-८, कैलाली, ना.प्र.नं. : ६७२०३५/१८५०२, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सुमन चौधरी पिता/पतिको नाम : अमिन बहादुर चौधरी, स्थायी ठेगाना : प्रतापपुर-६, कैलाली, ना.प्र.नं. : ६७२०३५/१२६५

४. ऋणीको नाम : दिव्या रावल, पिता/पतिको नाम : रमेश रावत, बाजे/ससुराको नाम : कमल बहादुर रावत, स्थायी ठेगाना : मोहन्याल-६, कैलाली, ना.प्र.नं. : ६७-०६-७७-०४४९५, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : पारु देवी रावत, पिता/पतिको नाम : भरत बहादुर रावत, स्थायी ठेगाना : मस्टावण्डली-७, अछाम, ना.प्र.नं. : ६९३०६१/१५

५. ऋणीको नाम : आशा चौधरी, पिता/पतिको नाम : श्री राम चौधरी, बाजे/ससुराको नाम : प्रेमलाल थारु, स्थायी ठेगाना : प्रतापपुर-६, कैलाली, ना.प्र.नं. : ६७२०३५/१०९५९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : श्रीजना देबि चौधरी, पिता/पतिको नाम : रामादिन चौधरी, स्थायी ठेगाना : प्रतापपुर-६, कैलाली, ना.प्र.नं. : ३६२१३

६. ऋणीको नाम : चम्फा देवि चौधरी, पिता/पतिको नाम : कुन्जी राम चौधरी, बाजे/ससुराको नाम : धनिराम चौधरी, स्थायी ठेगाना : थापापुर-९, कैलाली, ना.प्र.नं. : १४९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : जुगराम चौधरी, पिता/पतिको नाम : बेभ्कुवा डगौरा, स्थायी ठेगाना : थापापुर-२, कैलाली, ना.प्र.नं. : १५६४७

७. ऋणीको नाम : जुवारा शाही, पिता/पतिको नाम : नमराज शाही, बाजे/ससुराको नाम : भद्र वहादुर शाही, स्थायी ठेगाना : माल्कोट-५, कालीकोट, ना.प्र.नं. : २६१/३४३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : ओकिल शाही, पिता/पतिको नाम : नमराज शाही, बाजे/ससुराको नाम : भद्र वहादुर शाही, स्थायी ठेगाना : घोडाघोडी-१, कैलाली, ना.प्र.नं. : ६७-०६-७४-०२४४७

८. ऋणीको नाम : शिवरानी चौधरी, पिता/पतिको नाम : भिम वहादुर चौधरी, बाजे/ससुराको नाम : वुद्धिराम थारु, स्थायी ठेगाना : साडेपानी-३, कैलाली, ना.प्र.नं. : ६७१००५/९९११, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : अनिता चौधरी, पिता/पतिको नाम : शिव प्रसाद चौधरी, स्थायी ठेगाना : साडेपानी-३, कैलाली, ना.प्र.नं. : ६७-०१-७१-०८६९९

९. ऋणीको नाम : अम्विका देवि गिरी, पिता/पतिको नाम : विष्णु गिरी, बाजे/ससुराको नाम : भगवती गिरी, स्थायी ठेगाना : थापापुर-२, कैलाली, ना.प्र.नं. : ६७२०३८/४८९९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : विष्णु गिरी, पिता/पतिको नाम : भगवती गिरी, स्थायी ठेगाना : थापापुर-२, कैलाली, ना.प्र.नं. : ६७२०३८/४४१६

१०. ऋणीको नाम : फुलरानी चौधरी, पिता/पतिको नाम : राम कृष्ण चौधरी, बाजे/ससुराको नाम : शंकर लाल थारु, स्थायी ठेगाना : लम्की-चुहा-७, कैलाली, ना.प्र.नं. : ६७२०३५-४२३७, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : उर्मिला चौधरी, पिता/पतिको नाम : प्रेम बहादुर चौधरी, स्थायी ठेगाना : लम्की-चुहा-८, कैलाली, ना.प्र.नं. : ६७-०२-७८-०७००९

११. ऋणीको नाम : लक्ष्मी देवि चौधरी, पिता/पतिको नाम : राम कुमार चौधरी, बाजे/ससुराको नाम : खुशीराम थारु, स्थायी ठेगाना : प्रतापपुर-७, कैलाली, ना.प्र.नं. : ९१९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : राम कुमार चौधरी, पिता/पतिको नाम : खुशीराम थारु, स्थायी ठेगाना : प्रतापपुर-७, कैलाली, ना.प्र.नं. : १४०२२

१२. ऋणीको नाम : पवित्रा चौधरी, पिता/पतिको नाम : जिवन चौधरी, बाजे/ससुराको नाम : अडनु चौधरी, स्थायी ठेगाना : लम्की-चुहा-१०, कैलाली, ना.प्र.नं. : ६७-०२-७८-००७४४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सोनापती कठरीया थरुनी पिता/पतिको नाम : किसन लाल कठरीया थारु, स्थायी ठेगाना : लम्की-चुहा-६, कैलाली, ना.प्र.नं. : ४/५४१/६५८

१३. ऋणीको नाम : कविता चौधरी, पिता/पतिको नाम : अवित थारु, बाजे/ससुराको नाम : वाबुराम थारु, स्थायी ठेगाना : बर्दगोरिया-५, कैलाली, ना.प्र.नं. : ६७-०६-७४-०२३८६, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : प्रभुराम चौधरी, पिता/पतिको नाम : हिरालाल डगौरा थारु, स्थायी ठेगाना : कोटातुल्सीपुर-९, कैलाली, ना.प्र.नं. : १९८८३
२.धनजमानीको नाम : अवित थारु, पिता/पतिको नाम : वाबुराम थारु, स्थायी ठेगाना : मसुरीया-२, कैलाली, ना.प्र.नं. : ६७-०१-७०-०३५९०

१४. ऋणीको नाम : रम्भा बिस्ट (बोहरा), पिता/पतिको नाम : समोर बिष्ट, बाजे/ससुराको नाम : कणजीत बिस्ट, स्थायी ठेगाना : मोहन्याल-३, कैलाली, ना.प्र.नं. : ६११०२६/१२०४८/३००८-कालिकोट, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : दान बहादुर बुढा, पिता/पतिको नाम : सुर्ज बुढा, बाजे/ससुराको नाम : अजय बुढा, स्थायी ठेगाना : मोहन्याल-३, कैलाली, ना.प्र.नं. : ६७२००१-२५३३०
२.धनजमानीको नाम : जनक बोहरा, पिता/पतिको नाम : धनमल बोहरा, स्थायी ठेगाना : घोडाघोडी-२, कैलाली, ना.प्र.नं. : ६७-२१-७०-००१२४

१५. ऋणीको नाम : सुनिता देवि चौधरी, पिता/पतिको नाम : राजा राम डगौरा, बाजे/ससुराको नाम : गर्वु राम डगौरा थारु, स्थायी ठेगाना : घोडाघोडी-२, कैलाली, ना.प्र.नं. : ६३५, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : राजा राम डगौरा, पिता/पतिको नाम : गर्वु राम डगौरा थारु, स्थायी ठेगाना : साडेपानि-५, कैलाली, ना.प्र.नं. : ६७१००५/१२२१

१६. ऋणीको नाम : प्रेम चौधरी, पिता/पतिको नाम : नरेन्द्र चौधरी, बाजे/ससुराको नाम : दिल बहादुर चौधरी, स्थायी ठेगाना : बौनिया-५, कैलाली, ना.प्र.नं. : ६७२०३४/६८१३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : नरेन्द्र चौधरी, पिता/पतिको नाम : दिल बहादुर चौधरी, स्थायी ठेगाना : जानकीनगर-७, कैलाली, ना.प्र.नं. : ६७२०३६/८७३४

१७. ऋणीको नाम : सरिता ढकाल (प्याकुरेल), पिता/पतिको नाम : अंग प्रसाद प्याकुरेल, बाजे/ससुराको नाम : लक्ष्मी चन्द्र प्याकुरेल, स्थायी ठेगाना : वलीया-३, कैलाली, ना.प्र.नं. : ६७२००२/१६५९८, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : अंग प्रसाद प्याकुरेल, पिता/पतिको नाम : लक्ष्मी चन्द्र प्याकुरेल, स्थायी ठेगाना : धौलागोहा-४, कालीकोट, ना.प्र.नं. : ६११०१७/३८६३/१३९६
२.धनजमानीको नाम : पुष्पराज प्याकुरेल, पिता/पतिको नाम : प्रेम प्रसाद प्याकुरेल, जगनी राम प्याकुरेल, स्थायी ठेगाना : धौलागोहा-४, कालिकोट, ना.प्र.नं. : ६११०१७/३८५२/१३९४

१८. ऋणीको नाम : फुलन देवि चौधरी, पिता/पतिको नाम : वीर वहादुर चौधरी, बाजे/ससुराको नाम : हेमन्त प्रसाद थारु, स्थायी ठेगाना : प्रतापपुर-४, कैलाली, ना.प्र.नं. : १३४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : बिर बहादुर चौधरी, पिता/पतिको नाम : हेमन्त प्रसाद थारु, स्थायी ठेगाना : प्रतापपुर-४, कैलाली, ना.प्र.नं. : ९०

१९. ऋणीको नाम : रमीता चौधरी, पिता/पतिको नाम : राम प्रकाश चौधरी, बाजे/ससुराको नाम : जुगराम चौधरी, स्थायी ठेगाना : प्रतापपुर-६, कैलाली, ना.प्र.नं. : ६७२०३५/१७४९४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : लालमोती चौधरी, पिता/पतिको नाम : जुगराम चौधरी, स्थायी ठेगाना : प्रतापपुर-६, कैलाली, ना.प्र.नं. : ४३९७०

२०. ऋणीको नाम : फुलमती डगौरा, पिता/पतिको नाम : प्रकाश बहादुर डगौरा, बाजे/ससुराको नाम : आसाराम दगौरा, स्थायी ठेगाना : खैलाड-९, कैलाली, ना.प्र.नं. : ६७२०३०/९५१, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : प्रकास वहादुर दगौरा, पिता/पतिको नाम : आसाराम दगौरा, स्थायी ठेगाना : खैलाड-९, कैलाली, ना.प्र.नं. : ३१६९३

२१. ऋणीको नाम : यशोदा विश्वकर्मा, पिता/पतिको नाम : जगत वहादुर विश्वकर्मा, बाजे/ससुराको नाम : रन वहादुर विश्वकर्मा, स्थायी ठेगाना : प्रतापपुर-५, कैलाली, ना.प्र.नं. : ६७२०३५/२३२८०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : मीना देवि महतौ, पिता/पतिको नाम : अमर वहादुर महतौ, स्थायी ठेगाना : प्रतापपुर-१, कैलाली, ना.प्र.नं. : २०५६९

२२. ऋणीको नाम : कोपीला देबि गडसिला, पिता/पतिको नाम : टिका सिं गडसिला, बाजे/ससुराको नाम : अनम सिं गडसिला, स्थायी ठेगाना : जोशिपुर-७, कैलाली, ना.प्र.नं. : १७६०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : टिका सिं गडसिला, पिता/पतिको नाम : अनम सिं गडसिला, स्थायी ठेगाना : चवराचौतारा-७, डोटी, ना.प्र.नं. : ८/८२९(४४४/०३६)

२३. ऋणीको नाम : पवित्रा देवि मिजार, पिता/पतिको नाम : अर्जुन मिजार, बाजे/ससुराको नाम : राम वहादुर मिजार, स्थायी ठेगाना : चुहा-७, कैलाली, ना.प्र.नं. : ६७२००३/२१९५४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : अर्जुन मिजार, पिता/पतिको नाम : राम वहादुर मिजार, स्थायी ठेगाना : चुहा-७, कैलाली, ना.प्र.नं.. : ६७२००३/१६४८९

२४. ऋणीको नाम : गंगा देबि वम, पिता/पतिको नाम : पुष्कर व. बम, बाजे/ससुराको नाम : चक्र व.बम, स्थायी ठेगाना : चवराचौतारा-२, डोटी, ना.प्र.नं. : २९७, कर्जाको शीर्षक : लघुउद्यम
धनजमानीको नाम : आरती जोशि, पिता/पतिको नाम : हेमराज जोशी, स्थायी ठेगाना : लम्की चुहा-७, कैलाली, ना.प्र.नं. : ६७-०२-७५-०५२९०

२५. ऋणीको नाम : सन्ध्या देवि चौधरी, पिता/पतिको नाम : प्रदेशी चौधरी, बाजे/ससुराको नाम : राम वहादुर थारु, स्थायी ठेगाना : प्रतापपुर ८, कैलाली, ना.प्र.नं. : ११७३, कर्जाको शीर्षक : लघुउद्यम
१.धनजमानीको नाम : सन्तोष कुमार चौधरी, पिता/पतिको नाम : शेर बहादुर चौधरी, बाजे/ससुराको नाम : छोटेलाल थारु, स्थायी ठेगाना : प्रतापपुर-८, कैलाली, ना.प्र.नं. : ६७२०३५/११२६७
२.धनजमानीको नाम : सुनिल चौधरी, पिता/पतिको नाम : गंगा राम चौधरी, बाजे/ससुराको नाम : जगमोहन थारु, स्थायी ठेगाना : प्रतापपुर-८, कैलाली, ना.प्र.नं. : ६७२०३५/४५५३६
३.धनजमानीको नाम : राम किशनी थरुनी, पिता/पतिको नाम : शेर बहादुर चौधरी, बाजे/ससुराको नाम : छोटेलाल थारु, स्थायी ठेगाना : प्रतापपुर-८, कैलाली, ना.प्र.नं. : १२०८०

२६. ऋणीको नाम : रामजानी देवी चौधरी, पिता/पतिको नाम : शिव नारायण डगौरा, बाजे/ससुराको नाम : लेडु द.थारु, स्थायी ठेगाना : प्रतापपुर-८, कैलाली, ना.प्र.नं. : ११०७, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : ठग्गुराम चौधरी, पिता/पतिको नाम : छापु थारु, स्थायी ठेगाना : लम्की-चुहा-९, कैलाली, ना.प्र.नं. : ३५५५

२७. ऋणीको नाम : उर्मिला चौधरी, पिता/पतिको नाम : विजय चौधरी, बाजे/ससुराको नाम : हरि राम चौधरी, स्थायी ठेगाना : लम्की-चुहा-९, कैलाली, ना.प्र.नं. : ६७-०२-७४-०१४८०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : विजय चौधरी, पिता/पतिको नाम : हरिराम चौधरी, स्थायी ठेगाना : प्रतापपुर-३, कैलाली, ना.प्र.नं. : ६७२०३५/५७२१९

२८. ऋणीको नाम : रेश्मा देवि वि.क., पिता/पतिको नाम : अर्जुन बहादुर वि.क., बाजे/ससुराको नाम : चन्द्र बहादुर वि.क, स्थायी ठेगाना : दरख-५, कैलाली, ना.प्र.नं. : ६७-०१-६९-०६९४९, कर्जाको शीर्षक : लघुउद्यम
धनजमानीको नाम : सुमित्रा घर्तिमगर विश्वकर्मा, पिता/पतिको नाम : विशु बहादुर विश्वकर्मा, स्थायी ठेगाना : घोडाघोडी-१, कैलाली, ना.प्र.नं. : ६७-०६-७७-०५८१३

२९. ऋणीको नाम : लक्ष्मी कुमारी बम, पिता/पतिको नाम : पदम शाही, बाजे/ससुराको नाम : बिर्ख बहादुर शाही, स्थायी ठेगाना : चौकुने-२, सुर्खेत, ना.प्र.नं. : ६४-०१-७४-०३८२५, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : लोकेन्द्र तिरुवा, पिता/पतिको नाम : बीर बहादुर तिरुवा, स्थायी ठेगाना : घोडाघोडी-८, कैलाली, ना.प्र.नं. : ६७-०६-७६-००६५८

३०. ऋणीको नाम : मिरा चौधरी, पिता/पतिको नाम : टीकाराम चौधरी, बाजे/ससुराको नाम : राम दुलारे थारु, स्थायी ठेगाना : लम्की-चुहा-७, कैलाली, ना.प्र.नं. : ६७-०२-७६-०१२३२, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सीता कुमारी चौधरी, पिता/पतिको नाम : धनी राम चौधरी, स्थायी ठेगाना : प्रतापपुर-१, कैलाली, ना.प्र.नं. : ४७२

३१. ऋणीको नाम : रोशनी चौधरी, पिता/पतिको नाम : लक्ष्मण चौधरी, बाजे/ससुराको नाम : मान बहादुर ड.थारु, स्थायी ठेगाना : प्रतापपुर-१, कैलाली, ना.प्र.नं. : ६७२०३५/३९००४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : लक्ष्मण चौधरी, पिता/पतिको नाम : मान बहादुर ड थारु, स्थायी ठेगाना : प्रतापपुर-१, कैलाली, ना.प्र.नं. : ६७२०३५/३८९३५

३२. ऋणीको नाम : सरस्वती चौधरी, पिता/पतिको नाम : राम कीसन चौधरी, बाजे/ससुराको नाम : राम दुलारे थारु, स्थायी ठेगाना : लम्की-चुहा-७, कैलाली, ना.प्र.नं.. : ६७-०२-७५-०१७५०,कर्जाको शीर्षक : साधारण

३३. ऋणीको नाम : जसमा देबि सिंह, पिता/पतिको नाम : शेर बहादुर सिंह, बाजे/ससुराको नाम : दोकल व. सिंह, स्थायी ठेगाना : घोडाघोडी-१, कैलाली, ना.प्र.नं. : २२६९३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : जुवारा शाही, पिता/पतिको नाम : नमराज शाही, स्थायी ठेगाना : माल्कोट-५, कालीकोट, ना.प्र.नं. : २६१/३४३

३४. ऋणीको नाम : रितु साउद (शाही), पिता/पतिको नाम : विजय वहादुर शाही, बाजे/ससुराको नाम : बिर्ख वहादुर शाही, स्थायी ठेगाना : घोडाघोडी-८, कैलाली, ना.प्र.नं. : ६७-०२-७३/०११८६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : विजय वहादुर शाही, पिता/पतिको नाम : बिर्ख बहादुर शाही, स्थायी ठेगाना : साडेपानी-८, कैलाली, ना.प्र.नं. : ६७३००५/१८६८

३५. ऋणीको नाम : जगललीया देवि चौधरी, पिता/पतिको नाम : सजनराम चौधरी, बाजे/ससुराको नाम : श्री लल्लुराम चौधरी, स्थायी ठेगाना : प्रतापपुर-३, कैलाली, ना.प्र.नं. : २६१७२, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : रेखा चौधरी, पिता/पतिको नाम : सजनराम चौधरी, बाजे/ससुराको नाम : लल्लुराम चौधरी, स्थायी ठेगाना : प्रतापपुर-६, कैलाली, ना.प्र.नं. : ६७२०३५/१३८२०
२.धनजमानीको नाम : श्री सजनराम चौधरी, पिता/पतिको नाम : लल्लुराम चौधरी, स्थायी ठेगाना : प्रतापपुर-६, कैलाली, ना.प्र.नं. : १४३८२

३६. ऋणीको नाम : लालमोती चौधरी, पिता/पतिको नाम : जुगराम चौधरी, बाजे/ससुराको नाम : देस राम चौधरी, स्थायी ठेगाना : प्रतापपुर-६, कैलाली, ना.प्र.नं. : ४३९७०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : जुगराम चौधरी, पिता/पतिको नाम : देस राम चौधर, स्थायी ठेगाना : प्रतापपुर-६, कैलाली, ना.प्र.नं. : २१५२

३७. ऋणीको नाम : सुनिता देवि चौधरी, पिता/पतिको नाम : राजा राम डगौरा, बाजे/ससुराको नाम : गर्वु राम डगौरा थारु, स्थायी ठेगाना : घोडाघोडी-२, कैलाली, ना.प्र.नं. : ६३५,कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : राजा राम डगौरा, पिता/पतिको नाम : गर्वु राम डगौरा थारु, स्थायी ठेगाना : साडेपानी-५, कैलाली, ना.प्र.नं. : ६७१००५/१२२१

३८. ऋणीको नाम : भागपति देवि कठरिया, पिता/पतिको नाम : सन्तलाल कठरिया, बाजे/ससुराको नाम : फन्ते राम कठरिया, स्थायी ठेगाना : जोशिपुर-१, कैलाली, ना.प्र.नं. : ५६३
कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सन्तलाल कठरिया, पिता/पतिको नाम : फन्ते राम कठरीया, स्थायी ठेगाना : जोशिपुर-१, कैलाली, ना.प्र.नं. : ३२८

३९. ऋणीको नाम : सिता देवी चौधरी, पिता/पतिको नाम : जालीम सिह चौधरी, बाजे/ससुराको नाम : कसबिर थारु, स्थायी ठेगाना : प्रतापपुर-१, कैलाली, ना.प्र.नं. : ९०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : जालीम सिह चौधरी, पिता/पतिको नाम : कसबिर थारु, स्थायी ठेगाना : प्रतापपुर-१, कैलाली, ना.प्र.नं. : २२८८/८१३२

४०. ऋणीको नाम : निशा सुनार, पिता/पतिको नाम : अर्जुन सुनार, बाजे/ससुराको नाम : कइले सुनार, स्थायी ठेगाना : बर्दगोरिया-५, कैलाली, ना.प्र.नं. : ६७-०६-७५-०४४७८, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : अर्जुन सुनार, पिता/पतिको नाम : कइले सुनार, स्थायी ठेगाना : सिमचौर-२, डोटी, ना.प्र.नं. : ६८-०१-७३-०३९६५

४१. ऋणीको नाम : ठगनी देबि चौधरी, पिता/पतिको नाम : भक्कु राम चौधरी, बाजे/ससुराको नाम : बाधु थारु चौधरी, स्थायी ठेगाना : प्रतापपुर-८, कैलाली, ना.प्र.नं. : ८५४२, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : कल्पना चौधरी, पिता/पतिको नाम : सन्तोष चौधरी, स्थायी ठेगाना : प्रतापपुर-८, कैलाली, ना.प्र.नं. : ६७२०३५/६२८४
२.धनजमानीको नाम : लाल वहादुर थारु, पिता/पतिको नाम : ठग्गु थारु, बाजे/ससुराको नाम : जुगराम थारु, स्थायी ठेगाना : प्रतापपुर-६, कैलाली, ना.प्र.नं. : २७९८

४२. ऋणीको नाम : नन्दकला देवि सुनार, पिता/पतिको नाम : राम बहादुर वि.क., बाजे/ससुराको नाम : धन बहादुर सुनार, स्थायी ठेगाना : बौनिया-१, कैलाली, ना.प्र.नं. : २६२६/४५०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : राम बहादुर सुनार, पिता/पतिको नाम : धन बहादुर सुनार, स्थायी ठेगाना : जोशीपुर-४, कैलाली, ना.प्र.नं.. : २६२५/४५१

४३. ऋणीको नाम : भद्रा थापा, पिता/पतिको नाम : दल सिंह थापा, बाजे/ससुराको नाम : नैन सिंह थापा, स्थायी ठेगाना : लम्की-चुहा-५, कैलाली, ना.प्र.नं. : ५०५२८ (सुर्खेत), कर्जाको शीर्षक : लघुउद्यम

४४. ऋणीको नाम : राधिका दमाई, पिता/पतिको नाम : प्रेम वहादुर दमाई, बाजे/ससुराको नाम : ददि दमाई, स्थायी ठेगाना : लम्की-चुहा-४, कैलाली, ना.प्र.नं. : ६७२००२/५५९९७, कर्जाको शीर्षक : साधारण

४५. ऋणीको नाम : सरस्वती चौधरी, पिता/पतिको नाम : सुरज चौधरी, बाजे/ससुराको नाम : छेदुराम डगौरा थारु, स्थायी ठेगाना : प्रतापपुर-८, कैलाली, ना.प्र.नं. : ६७२०३५/५२११९, कर्जाको शीर्षक : लघुउद्यम

४६. ऋणीको नाम : रचना चौधरी, पिता/पतिको नाम : राजेश चौधरी, बाजे/ससुराको नाम : खुसी राम चौधरी, स्थायी ठेगाना : घोडाघोडी-१, कैलाली, ना.प्र.नं. : ६७-०६-७८-००५३९, कर्जाको शीर्षक : लघुउद्यम

४७. ऋणीको नाम : धन देवि थरुनी, पिता/पतिको नाम : बाधुराम ड.थारु, बाजे/ससुराको नाम : जोगी ड.थारु, स्थायी ठेगाना : प्रतापपुर-८, कैलाली, ना.प्र.नं. : ११८१, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : बाधुराम ड. थारु, पिता/पतिको नाम : जोगी ड. थारु, स्थायी ठेगाना : प्रतापपुर-८, कैलाली, ना.प्र.नं. : २८८४
२.धनजमानीको नाम : ज्ञान बहादुर चौधरी, पिता/पतिको नाम : भागीराम थारु, स्थायी ठेगाना : प्रतापपुर-८, कैलाली, ना.प्र.नं. : १६४९३

४८. ऋणीको नाम : पुनम चौधरी, पिता/पतिको नाम : सागर चौधरी, बाजे/ससुराको नाम : छडे राम ड.थारु, स्थायी ठेगाना : प्रतापपुर-८, कैलाली, ना.प्र.नं. : ६७२०३५/३६२६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : रितु कुमारी थारु, पिता/पतिको नाम : राजाराम थारु, स्थायी ठेगाना : चुहा-९, कैलाली, ना.प्र.नं. : ३२३७०

४९. ऋणीको नाम : सानु देवि सिंह, पिता/पतिको नाम : मीन वहादुर सिंह, बाजे/ससुराको नाम : पिरु सिंह, स्थायी ठेगाना : रामसशिखर झाला-४, कैलाली, ना.प्र.नं. : ६७३००६/१४९३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : राम सुनार, पिता/पतिको नाम : कर्ण वहादुर सुनार, स्थायी ठेगाना : दरख-५, कैलाली, ना.प्र.नं. : ६७-०१-६९-०१३३९

५०. ऋणीको नाम : हिरा देबि चौधरी, पिता/पतिको नाम : शेर वहादुर चौधरी, बाजे/ससुराको नाम : बेझुलाल चौधरी, स्थायी ठेगाना : जानकीनगर-७, कैलाली, ना.प्र.नं. : ६७३०३६/५७७, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : प्रदिप चौधरी, पिता/पतिको नाम : शेर बहादुर चौधरी, बाजे/ससुराको नाम : बेझुलाल चौधरी, स्थायी ठेगाना : जानकी-२, कैलाली, ना.प्र.नं. : ६७-०२-७८-०४५१४

५१. ऋणीको नाम : आरती चौधरी, पिता/पतिको नाम : राजु चौधरी, बाजे/ससुराको नाम : शिवलाल चौधरी, स्थायी ठेगाना : बलिया-४, कैलाली, ना.प्र.नं. : ६७२००२/४०९२८, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : राजु चौधरी, पिता/पतिको नाम : शिवलाल चौधरी, स्थायी ठेगाना : बलिया-४, कैलाली, ना.प्र.नं. : ६७१२०६९/०१५५६

५२. ऋणीको नाम : पार्वति देवि खत्री, पिता/पतिको नाम : खिम वहादुर खत्री, बाजे/ससुराको नाम : तिल वहादुर खत्री, स्थायी ठेगाना : दोदोधरा-७, कैलाली, ना.प्र.नं. : २१३३४, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : खिम वहादुर खत्री, पिता/पतिको नाम : तिल वहादुर खत्री, स्थायी ठेगाना : दोदोधरा-७, कैलाली, ना.प्र.नं. : १२१६९
२.धनजमानीको नाम : विवेक चौधरी, पिता/पतिको नाम : देवी लाल चौधरी, स्थायी ठेगाना : कोटा तुल्सीपुर-९, कैलाली, ना.प्र.नं. : ६७२०३३/४०७२२

५३. ऋणीको नाम : सोनिका थारु, पिता/पतिको नाम : धर्मपाल थारु, बाजे/ससुराको नाम : भगत राम थारु, स्थायी ठेगाना : दोदोधरा-४, कैलाली, ना.प्र.नं. : ६७२००४/१९६३१, कर्जाको शीर्षक : लघुउद्यम
१.धनजमानीको नाम : राजेश कुमार चौधरी, पिता/पतिको नाम : भगत राम थारु, स्थायी ठेगाना : बर्दगोरीया-५, कैलाली, ना.प्र.नं. : ८८२४
२.धनजमानीको नाम : रूपेश कुमार कठरिया, पिता/पतिको नाम : रोशन लाल कठरिया, स्थायी ठेगाना : जोशिपुर-३, कैलाली, ना.प्र.नं. : ६७२०३९-२६२६

५४. ऋणीको नाम : हिरा वि.क, पिता/पतिको नाम : टेक बहादुर वि.क, बाजे/ससुराको नाम : नारायण सिंह वि.क, स्थायी ठेगाना : लम्की चुहा-४, कैलाली, ना.प्र.नं. : ६७२००२/६९३०३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : टेक बहादुर वि.क, पिता/पतिको नाम : नारायण सिंह वि.क, स्थायी ठेगाना : बलीया-६, कैलाली, ना.प्र.नं. : ६७३००२/२२५६

५५. ऋणीको नाम : पुनम भुजेल, पिता/पतिको नाम : नविन कुमार भुजेल, बाजे/ससुराको नाम : नेत्र वहादुर भुजेल, स्थायी ठेगाना : लम्की चुहा-१, कैलाली, ना.प्र.नं. : ६७२००२/४७८०९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : नविन कुमार भुजेल, पिता/पतिको नाम : नेत्र बहादुर भुजेल, स्थायी ठेगाना : बलीया-९, कैलाली, ना.प्र.नं. : ६७२०३२/३०३

५६. ऋणीको नाम : मनिषा मगर, पिता/पतिको नाम : सुमन मगर, बाजे/ससुराको नाम : गर्भे मगर, स्थायी ठेगाना : बर्दगोरिया-४, कैलाली, ना.प्र.नं. : ६७-०६-७५-०२०२५, कर्जाको शीर्षक : लघुउद्यम
१.धनजमानीको नाम : सुमन मगर, पिता/पतिको नाम : गर्भे मगर, स्थायी ठेगाना : बर्दगोरिया-४, कैलाली, ना.प्र.नं. : ६७-०६-७४-०५१४३
२.धनजमानीको नाम : लोकेन्द्र धामी, पिता/पतिको नाम : हेम बहादुर धामी, स्थायी ठेगाना : बर्दगोरिया-४, कैलाली, ना.प्र.नं. : ६७-०६-७४-०१७३२

५७. ऋणीको नाम : संगीता कुमारी महतो, पिता/पतिको नाम : मिन बहादुर चौधरी, बाजे/ससुराको नाम : महेन्द्र डगौरा, स्थायी ठेगाना : जोशिपुर-५, कैलाली, ना.प्र.नं.. : ६७२०३९/६१९८, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : मिन बहादुर चौधरी, पिता/पतिको नाम : महेन्द्र डगौरा, स्थायी ठेगाना : बौनिया-८, कैलाली, ना.प्र.नं. : ३२३४७

५८. ऋणीको नाम : पार्वती देवी बुढा, पिता/पतिको नाम : डिल्ली राज बुढा, बाजे/ससुराको नाम : गमे बुढा, स्थायी ठेगाना : चौमाला-५, कैलाली, ना.प्र.नं. : २८४२४, कर्जाको शीर्षक : लघुउद्यम
धनजमानीको नाम : डिल्ली राज बुढा, पिता/पतिको नाम : गमे बुढा, स्थायी ठेगाना : चौमाला-५, कैलाली, ना.प्र.नं. : १००२/४१२९

५९. ऋणीको नाम : कमला वि.क, पिता/पतिको नाम : सुवाश विक्रम रसाइली, बाजे/ससुराको नाम : जगत बहादुर विश्वकर्मा, स्थायी ठेगाना : तमसरीया-७, न.प., ना.प्र.नं. : ई-४४३३२, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : झनुदेवि पुनमगर, पिता/पतिको नाम : मोहन व. पुनमगर, स्थायी ठेगाना : घाडल-९, डोटी, ना.प्र.नं. : ६८३०१५/१२०

६०. ऋणीको नाम : ललिता देवी चौधरी, पिता/पतिको नाम : कृष्ण औतार चौधरी, बाजे/ससुराको नाम : मनिराम थारु, स्थायी ठेगाना : प्रतापपुर-१, कैलाली, ना.प्र.नं. :४७४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : फुलरानी चौधरी, पिता/पतिको नाम : रामकृष्णा चौधरी, स्थायी ठेगाना : लम्क चुहा-७, कैलाली, ना.प्र.नं. : ६७२०३५-४२३७

६१. ऋणीको नाम : छेदानी चौधरी, पिता/पतिको नाम : सिंग बहादुर चौधरी, बाजे/ससुराको नाम : राम भरोसे थारु, स्थायी ठेगाना : साडेपानी-३, कैलाली, ना.प्र.नं. : ५७६७४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सिंग बहादुर चौधरी, पिता/पतिको नाम : राम भरोसा ड. थारु, स्थायी ठेगाना : साडेपानी-३, कैलाली, ना.प्र.नं. : २९८

६२. ऋणीको नाम : सान्ता देबि डांगी, पिता/पतिको नाम : भिम बहादुर डांगी, बाजे/ससुराको नाम : धनु डांगी, स्थायी ठेगाना : बलीया-५, कैलाली, ना.प्र.नं. : ४/४५२१/१५३८, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सुदिप चौधरी, पिता/पतिको नाम : राम जीत चौधरी थारु, स्थायी ठेगाना : टिकापुर-७, कैलाली, ना.प्र.नं. : ६७-२-७७-०२९०१

६३. ऋणीको नाम : सलीना कठरीया, पिता/पतिको नाम : सुरेन्द्र कठरीया, बाजे/ससुराको नाम : रवर सिंह कठरीया थारु, स्थायी ठेगाना : कोटा तुल्सीपुर-८, कैलाली, ना.प्र.नं. : ६७२०३३/१०,३२४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सुरेन्द्र कठरीया, पिता/पतिको नाम : रवर सिह कठरीया थारु, स्थायी ठेगाना : कोटा तुलसीपुर-८, कैलाली, ना.प्र.नं. : ६७२०३३/१०१२७

६४. ऋणीको नाम : कृष्णा कुमारी चौधरी, पिता/पतिको नाम : कृशुराम चौधरी, बाजे/ससुराको नाम : लेटराम थारु, स्थायी ठेगाना : पाताभार-३, बर्दिया, ना.प्र.नं. : ६५३०२८/१२२३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : कृशुराम चौधरी, पिता/पतिको नाम : लेटराम थारु, स्थायी ठेगाना : प्रतापपुर-८, कैलाली, ना.प्र.नं. : ६७२०३५/१३५९७

६५. ऋणीको नाम : भाग्यश्वरी चौधरी, पिता/पतिको नाम : रूपेन्द्र चौधरी, बाजे/ससुराको नाम : मान वहादुर चौधरी, स्थायी ठेगाना : साडेपानी-६, कैलाली, ना.प्र.नं. : ६७१००५/५४६१, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : रूपेन्द्र चौधरी, पिता/पतिको नाम : मान बहादुर चौधरी, स्थायी ठेगाना : साडेपानी-३, कैलाली, ना.प्र.नं. : ६७१००५/१२३८९

आशा लघुवित वितीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
केन्द्रीय कार्यालय : बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक, सम्पर्क नं. : ०११-६६००७३,
इमेल ठेगाना : *ashamicrofinance@gmail.com®info@ashamicrofinance.com.np*

# नेपालगन्ज नेशनल स्वीमिङ च्याम्पियनसिप २०८३ को तयारी तीव्र

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, २२ असोज*

नेपालगन्जमा तेस्रो नेशनल स्वीमिङ च्याम्पियनसिप २०८३ आयोजना हुने भएको छ। नेपालगन्ज स्वीमिङ क्लबले आगामी कात्तिक १४ र १५ गते नेपालगन्ज नेशनल स्वीमिङ च्याम्पियनसिपको तेस्रो संस्करण आयोजना गर्न लागेको हो।

प्रतियोगितामा देशभरबाट २०० भन्दा बढी खेलाडी सहभागी हुने र करिब ६० वटा इभेन्ट सञ्चालन गर्नेगरि तयारी अगाडी बढाइएको प्रतियोगिताको आयोजक नेपालगन्ज स्वीमिङ क्लबका अध्यक्ष केशव न्यौपानेले बताउनुभयो।



उहाँले प्रतियोगिताको तयारीलाई तीव्र बनाउँदै विभिन्न उपसमिति गठन गरेर तयारीलाई अघि बढाइएको बताउनुभयो। प्रतियोगिताको उद्धाटनका लागि शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेललाई भेटेर आमन्त्रण गरिएको पनि अध्यक्ष न्यौपानेले बताउनुभयो।

क्लबका अनुसार नेपालगन्जमा पौडी खेलको विकास र विस्तार गर्ने उद्देश्यले क्लबले प्रतियोगिता आयोजना गर्दै आएको छ। पहिलो र दोस्रो संस्करण सफलतापूर्वक आयोजना भएपछि तेस्रो संस्करणको तयारी तिव्र पारिएको क्लबका महासचिव कृष्ण अधिकारीले जानकारी दिनुभयो। देशमै अत्यधिक गर्मी हुने सहरकारूपमा परिचित नेपालगन्जमा पौडी खेलको सम्भावना ठूलो रहेकोले यहाँ हरेक वर्ष राष्ट्रियस्तरका पौडी प्रतियोगिताहरू आयोजना गर्दै आएको क्लबले जनाएको छ।

क्लबले पौडी खेलको विकास र विस्तारसँगै नयाँ तथा प्रतिभाशाली खेलाडीको खोजीलाई पनि आफ्नो अभियानको महत्वपूर्ण हिस्सा बनाएको छ। खेलाडी, प्रशिक्षक र खेलप्रेमीलाई थप उत्साहित बनाउने उद्देश्यले विद्यालयस्तरीय पहिलो राष्ट्रिय पौडी प्रतियोगिता नेपालगन्जमा आयोजना गरिएको थियो। त्यसपछि बाँकेको कोहलपुरमा दोस्रो राष्ट्रिय पौडी प्रतियोगिता सम्पन्न भइसकेको छ।

नेपालगन्जमा हुने तेस्रो प्रतियोगिताले पनि नयाँ खेलाडी पहिचान गर्ने अवसर दिने क्लबको विश्वास छ।

प्रतियोगिता सञ्चालनका लागि गठन गरिएका उपसमितिमा कोषाध्यक्ष ऋषिराम कँडेलको संयोजकत्वमा आर्थिक उपसमिति बनाइएको छ। त्यस्तै महासचिव कृष्ण अधिकारीको संयोजकत्वमा प्रचारप्रसार उपसमिति गठन गरिएको छ। सल्लाहकार किशन गुरुङको संयोजकत्वमा विद्यालय समन्वय समिति गठन गरिएको छ।

# जिल्ला प्रशासन कार्यालय
## नेपालगन्ज, बाँके

**विषयः–फरक–फरक विवरण सम्बन्धमा (भारतीय पेन्सन प्रयोजनार्थ)।**

**श्री जो जससँग सम्बन्ध राख्दछ।**

प्रस्तुत विषयमा जिल्ला बाँके, नेपालगञ्ज उपमहानगरपालिका वडा नं. ०१ बस्ने भारतीय भू.पू.सै.नं. ५३४०४२५**P HAV** का भारतीय पेन्सनर बल बहादुर घलेको पत्नीको नेपाली नागरिकता प्रमाणपत्र र भारतीय पेन्सन सम्बन्धी कागजातहरूमा सशी कला घले भई विवरण फरक परेकाले फरक-फरक विवरण एउटै व्यक्ति भएको प्रमाणित गरिपाऊँ भनी आफ्नो र पत्नीको नेपाली नागरिकता प्रमाणपत्र र भारतीय पेन्सन सम्बन्धी कागजातहरूको फोटोकपी संलग्न राखी यस कार्यालयमा निवेदन पेश गरेकोमा नेपालगञ्ज उपमहानगरपालिका ०१ नं. वडा कार्यालय, बाँकेको च.नं. ७८३, मिति २०८३/०६/१२ गतेको सिफारिस पत्रबाट फरक-फरक विवरण एउटै व्यक्तिको भएको भनी लेखी आएकोले सोही ब्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ अनुरोध गरिन्छ।

| क्र.सं. | नेपाली नागरिकता प्रमाणपत्रमा भएको नामथर र जन्ममिति | भारतीय पेन्सन सम्बन्धी कागजातहरूमा फरक परेको विवरण | कैफियत |
|---|---|---|---|
| ०१ | रूपा देवी गुरुङ्ग जारी मिति २०४०/११/१८ मा २६ वर्ष | **Smt. Sashi Kala Ghale 01 Nov 56 A.D** | |

**दिल कुमार तामाङ**
**प्रमुख जिल्ला अधिकारी**

# मोटरसइकल हराएको सूचना

मिति २०८३/०४/१९ गते नेपालगन्ज उप-महानगरपालिका- १८ तेज नगर बाट मेरो तपसिल बमोजिमको विवरण भएको मोटरसाइकल हराएको हुँदा पाउनुहुने महानुभाबले नजिकैको प्रहरी कार्यालय वा निम्नलिखित ठेगानामा बुझाईदिनु हुन अनुरोध छ।

**सवारीधनीको नामः बिजय खड्का**
**सवारी दर्ता नं.: भे १३ प ६३९० (लु ९३ प ९२१०)**
**चेसिस नं.: DKXCMH31347**
**इन्जिन नं.: MD2A13EX1MCJ97042**
**मोडेल नं.: Pulsar 220 cc, सवारीको रङः कालो/निलो**
**मोबाइल नं.: ९८२४५०५१५४/९८४८१५३४७५**

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालयः नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रणः रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।